बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

बागमती प्रदेश, हेटौंडा

## समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना

(प्रकाशित मितिः २०८१/०८/१२)

कृषि विकास निर्देशनालय, हेटौंडा र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम (नयाँ) कार्यान्वयनको लागि मिति २०८१/०४/१५ मा सूचना प्रकाशन गरिएकोमा वडा तथा बाली छनौट गर्न मिति २०८१/०८/१० मा बसेको निर्देशक समितिको बैठकले गरेको निर्णयानुसार यो सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी तपशिलका आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन पूनःसूचना आह्वान गरिएको छ।

<u>तपशिल</u>

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिदेखी दोस्रो पटक सूचना प्रकाशनको अन्तिम मिति भित्र कार्यपालिका बैठकको निर्णयबाट लागत साझेदारी गर्ने प्रतिबद्धता सहित स्थानीय तहको एक वडा र एक बाली/बस्तु लाई छनौट गरिएको हुनुपर्नेछ।
२. प्रस्तावित वडा र बाली/बस्तु भविष्यमा एक कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनलाई पहिचान बनाउन सक्ने हुनुपर्नेछ।
३. प्रस्तावित कार्यक्रमबाट लाभान्भित हुने कृषक घरधुरी संङ्ख्या, खेतीयोग्य जमिन, मानव बिकास सुचाङ्क, कृषि क्षेत्रको प्राथमिकता लगाएतका आधारभुत विवरण पेश गर्नुपर्नेछ।

**द्रष्टव्यः** कार्यक्रम सम्बन्धी थप जानकारीका लागि ९८५५०२५२५४ (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय) वा ९८५५०८६३६१ (कृषि विकास निर्देशनालय) मा सम्पर्क गर्न सकिनेछ।

निर्देशक